कारबाहीको अभियान चलाएको हो।

आइतबारदेखि काठमाडौँ उपत्यकामा चल्ने निजी तथा सार्वजनिक सवारीमा जडान गरिएका कालो सिसाको स्टिकर हटाउने अभियान थालिएको छ। भक्तपुर र ललितपुरमा कालो स्टिकर हटाइएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताउनुभयो। बढी मात्रामा माइक्रोबस र ट्याक्सीका सिसामा कालो स्टिकर प्रयोग हुने गरेको उहाँले बताउनुभयो। कारबाही गर्ने मात्र नभई कम्पनीबाट कालो सिसा जडान भएका गाडीको सिसा परिवर्तन गर्नेबारे पनि प्रहरीले गाडी विक्रेता कम्पनीसँग छलफल अघि बढाएको छ। कतिपय सवारीमा कम्पनीबाट नै कालो सिसा जडान भएर आउने हुँदा विक्रेता कम्पनीसँग छलफल गर्न लागिएको सुवेदीले बताउनुभयो। सूचना अधिकारी सुवेदीले भन्नुभयो, "सिसामा कालो स्टिकर लगाइएका गाडीमा जघन्य अपराधमा संलग्न आरोपित लुकेर हिँड्ने र यौनजन्य हिंसाका घटना पनि हुन सक्ने भएकाले कडाइ गरिएको हो।"

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारको

# सफाइ पेश गर्ने सम्बन्धी सूचना

मिति २०८३/०३/१७

तपाइँ घर बिदा/अध्ययन बिदा/असाधारण बिदा समाप्त भए पश्चात पनि आफ्नो पदाधिकार रहेको कार्यालयमा अनुपस्थित रही विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिई/लिन आवेदन दिई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (ग) बमोजिमको कसुर गरेको देखिएकोले सोही कसुरमा ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम सजाय गर्नु नपर्ने उचित आधार र कारण केही भए निजामती सेवा नियमावली, २०५० को नियम ११० को खण्ड (क) बमोजिम १५ (पन्ध्र) दिनभित्र सफाइ पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। <u>तपसिल</u>

| क्र.स. | कर्मचारीको नाम /थर संकेत नं. | पद | सेवा/समूह/श्रेणी | पदाधिकार रहेको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | निमिषा वाग्ले (क.स.नं. २३१५५३) | नापी अधिकृत | नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूह रा.प.तृतीय श्रेणी | नापी विभाग वा अन्तर्गत | Permanent Resident |
| २ | आभाष जोशी (क.स.नं.२००८०८) | नापी अधिकृत | नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूह रा.प.तृतीय श्रेणी | नापी विभाग वा अन्तर्गत | Temporary Resident Visit |
| ३ | रमेश कुमार पोखरेल (क.स.नं.१७९५७४) | नापी अधिकृत | नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूह रा.प.तृतीय श्रेणी | नापी विभाग वा अन्तर्गत | Diversity Visa |
| ४ | सुरेन्द्र प्रसाद पाण्डेय (क.स.नं.१८२४०५) | तथ्याङ्क अधिकृत | नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा तथ्याङ्क समूह रा.प.तृतीय श्रेणी | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) | Temporary Resident Visit |